# गोलबजार नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## गोलबजार, सिरहा
प्रदेश नं. २ नेपाल

☎ ०३३-५४००९९
ईमेल :golbazarmun@gmail.com


प.सं. २०७७/०७८(पञ्जीकरण शाखा )

सूचना ! सूचना !! सूचना !!!

मिति : २०७७/०४/२३

**विषय : सम्झौता गर्न आउने सम्बन्धमा ।**

प्रस्तुत विषयमा नेपाल सरकारले हाल वितरण गर्दै आइरहेको सामाजिक सुरक्षा भत्ता अनिवार्य रुपमा बैंकिङ्ग प्रणाली मार्फत गर्नु पर्ने भनि राष्ट्रिय परिचयपत्र तथा पञ्जिकरण विभागबाट निर्देशन आएको हुँदा सो अनुरुप गर्न यस गोलबजार नगरपालिकाले ईच्छुक बैंकहरुलाई अनुसूची ९ बमोजिमको शर्तहरुको अधिनमा रहि सम्झौता गर्न १५ दिन भित्र यस गोलबजार नगरपालिकाको पंजिकरण शाखामा प्रतिवेदन सहित निवेदन पेश गर्नुहुन भनि यो सूचना प्रकाशित गरिएको छ ।

## अनुसूची ९ (नियम ७.१ (ग) संग सम्बन्धित)
### स्थानीय तह र बैंक/वित्तीय संस्थाबीच हुने सम्झौता पत्रको नमूना

सबै सामाजिक सुरक्षा भत्ता बैंक खाता मार्फत उपलब्ध गराउने नेपाल सरकारको नीति बमोजिम ........................................गाउँ वा नगरपालिकाको कार्यालय.............................. (यस पछि गाउँ वा नगरपालिका भनिने) र श्री ........................................बैंक/वित्तीय संस्था ........................................(यस पछि बैंक भनिने) बीच सामाजिक सुरक्षा भत्ता बैंकिङ् प्रणाली मार्फत वितरण गर्ने प्रयोजनको लागि निम्न शर्तहरूको अधीनमा रही सम्झौता पत्रमा हस्ताक्षर गरी लियौं र दियौं ।

**शर्तहरू :**

१. गाउँ र नगरपालिकाले सामाजिक सुरक्षा भत्ता पाउने लक्षित समूह अनुसार लाभग्राहीहरूको नाम, नागरीकता प्रमाण पत्र नं., सामाजिक सुरक्षा भत्ता परिचय पत्र नं. (एम आइ एस बाट आउने १३ अङ्कको सामाजिक सुरक्षा परिचयपत्र नं., ठेगाना, निजले चौमासिक पाउने रकम समेतको पूर्ण विवरण **MIS** प्रणालीमा आधारित विद्युतीय माध्यमबाट **(Forward Feed)** बैंकलाई उपलब्ध गराउनेछ ।

२. बैंकले गाउँ र नगरपालिकाबाट प्राप्त विवरण बमोजिम लाभग्राहीको नाममा शून्य मौज्दातमा सामाजिक सुरक्षा बचत खाता खोल्नेछ । यसरी खाता खोल्दा लाभग्राहीको सामाजिक सुरक्षा भत्ता कारोबारको विवरण देखिन सक्ने गरि १३ अंङ्कको सामाजिक सुरक्षा परिचयपत्र नम्बर बैंक तथा वित्तीय संस्थाको मुख्य कारोबार गर्ने प्रणालीमा अनिवार्य सेभ गर्ने व्यवस्था गर्नु पर्नेछ ।

३. पाँच वर्ष मुनिका बालबालिकाको हकमा आमा वा संरक्षकबाट खाता सञ्चालन हुने गरी बचत खाता खोलिदिने र आमा वा संरक्षकको दस्तखतबाट खाता सञ्चालन गर्नेछ ।

४. बैंकले लाभग्राहीको खाता खोलीसकेपछि लाभग्राहीको नाम र खाता नं. सहितको विवरण विद्युतीय माध्यमबाट गाउँ र नगरपालिकालाई उपलब्ध गराउनेछ ।

५. गाँउ र नगपालिकाले प्रत्येक लाभग्राहीको विवरण **Forward Feed** मार्फत नाम, लक्षित समूह र पाउने रकम खुलाई एकमुष्ट रकमको चेक हरेक चौमासिकमा बैंकलाई उपलब्ध गराउनेछ ।

६. गाउँ र नगरपालिकाबाट प्राप्त रकम लाभग्राहीको खातामा बैंकले १५ दिनभित्र जम्मा गरी प्रत्येक खातामा जम्मा भएको रकम देखिने विवरण (**Reverse Feed**) सहित बाँकी रकम भए सो समेत गाउँरनगरपालिकालाई उपलब्ध गराउनेछ ।

☎ ०३३-५४००९९

ईमेल :golbazarmun@gmail.com


**प.सं. २०७७/०७८(पञ्जीकरण शाखा )**

७. तथ्याङ्क आदान प्रदान गर्दा सुरक्षित **API, Forward Feed/Reverse Feed** जस्ता विद्युतीय माध्यमबाट मात्र गरिनेछ ।

८. कुनै लाभग्राहीको लगत कट्टा भएमा लगत कट्टा भएको मिति र पाउने रकम समेतको जानकारी गाउँर नगरपालिकाले तत्काल प्रणाली मार्फत बैंकलाई उपलब्ध गराउनेछ । सो जानकारी प्राप्त भएपछि बैंकले लगत कट्टा भएको लाभग्राहीको खातामा उक्त मिति पछिको रकम जम्मा नगरी गाँउ र नगरपालिकामा फिर्ता पठाउनेछ ।

१०. बैंकले निष्कृय (**Dormant**) खाताको विवरण प्रत्येक श्रावण र माघ महिना भित्र गाउँ र नगरपालिकालाई दिनुपर्नेछ ।

११. बैंकले प्रत्येक चौमासिकमा प्रत्येक खातावालको उक्त खाताको कारोवार झल्कने प्रतिवेदन गाउँरनगरपालिकालाई दिनेछ । उक्त खातामा जम्मा रहेको रकम मध्ये केही वा सबै रकम रोक्का राख्न वा फिर्ता गर्न गाउँ र नगरपालिकाबाट लेखी आएमा बैंकले सोही बमोजिम रोक्का वा फिर्ता गर्नेछ ।

१२. ९० बर्ष वा सो भन्दा बढी उमेरका जेष्ठ नागरिक र रातो कार्ड (क बर्गको) प्राप्त गरेका पूर्ण अपाङ्गता भएका लाभग्राही, अति असक्तता भएको प्रमाणीत भएका लाभग्राहीहरूको हकमा सामाजिक सुरक्षा भत्ता वितरण गर्दा बैंक वा वित्तीय संस्था र नगरपालिकारगाउँपालिकाको समन्वयमा सेवाग्राहीको घरदैलोबाट सामजिक सुरक्षा भत्ता वितरण व्यवस्था मिलाई बैंक तथा वित्तीय संस्था मार्फत हिसाव मिलान गरिनेछ ।

१३. दुबै पक्षको सहमतिबाट लाभग्राहीहरूलाई सहज ढङ्गबाट रकम उपलब्ध गराउन थप प्रयासहरू गरीनेछ ।

१४. यो सम्झौता कम्तिमा तिन आर्थिक बर्षको लागि लागु हुनेछ । यो सम्झौताको समयावधि आपसी समझदारीमा थप गर्न सकिनेछ ।

१५. यस सम्झौतामा लेखिएका कुराहरु सोही बमोजिम र अन्यमा प्रचलित कानुन बमोजिम हुनेछ ।

.............................................. ..............................................

नगरपालिका वा गाउँपालिकाको तर्फबाट बैंक तथा वित्तीय संस्थाको तर्फबाट

शाखा प्रमुख